# विद्युत् बिक्रीभन्दा उपभोगबाट फाइदा



डा. पोषराज पाण्डे
कार्यकारी निर्देशक, सावती

**कृषिजन्य वस्तु आयात निर्यात गर्दा दुवै देशले भन्सार शुल्क नलाउनेजस्ता सम्झौता गरिएको छ । नेपालको तुलनामा भारतले ठूलो मात्रामा कृषिजन्य वस्तु उत्पादन गर्छ । उसको तुलनामा हामी साना किसान हौं ।**

नेपाल र भारतबीचको असमान व्यापार सम्बन्ध छ । आर्थिक वर्ष २०७०/७१ को ११ महिनाको तथ्याङ्कअनुसार भारतबाट ४ सय ३१ अर्ब रुपैयाँको आयात भएको छ भने ५४ अर्ब रुपैयाँको निर्यात भएको छ । ११ महिनामा मात्र ३ सय ७७ अर्ब रुपैयाँको व्यापार घाटा रहेको छ । पछिल्लो समय नेपाल र भारतबीच व्यापारघाटा एकदमै बढिरहेको छ । सो आवमा ४ सय अर्ब बराबरको व्यापार घाटा हुने देखिन्छ । नेपालको कुल ग्राहस्थ उत्पादनअनुसार एउटा देशसँगको व्यापार घाटा २० प्रतिशतभन्दा बढी हुन आउँछ । यस्तै, अन्य मुलुकसँग पनि हाम्रो व्यापार घाटामै छ । एउटा देशसँग मात्र त्यति धेरै मात्रामा व्यापार घाटा हुनु भनेको दिगोपना होइन । यदि नेपालमा रेमिट्यान्स नभित्रिने हो यो यसप्रकारको बाह्य व्यापार टिक्ने नै थिएन । रेमिट्यान्सले गर्दा मात्र हामीले यस्तो खालको व्यापार घाटालाई धानिरहेको छ ।

हाम्रो मुख्य चुनौती भारतसँगको व्यापारघाटा कसरी कम गर्ने भन्ने नै हो । नेपालबाट भारत निर्यात हुनेमा कृषिजन्य वस्तु जसमा अलैंची, अदुवा, जडीबुटी, जुसजस्ता वस्तुहरू रहेका छन् । तीमध्ये कुनै पनि वस्तु ५/६ अर्ब रुपैयाँको भन्दा बढी निर्यात गर्न सकेका छैनौं । यसलाई बढाएर दोब्बर नै गर्ने हो भने पनि १२ अर्ब रुपैयाँमात्र हुने हो । तर, हाम्रो ४ सय अर्बको व्यापार घाटा छ । हाल निर्यात भइरहेका वस्तुलाई मात्र बढवा दिएर हालको व्यापारघाटालाई कम गर्न सकिँदैन । यसका लागि निर्यात गर्ने वस्तुलाई बढाउनुपर्छ । जसका लागि पूर्वाधार विकास, लगानीमैत्री वातावरण र मजदूर सम्बन्ध विस्तारजस्ता काम गर्नु जरुरी छ । पूर्वाधार अभावका कारण हामीले तत्काल उत्पादन वृद्धि गर्नसक्ने अवस्था छैन । यसलाई दीर्घकालीन सोचका साथ अघि बढाइनुपर्छ ।

तत्कालका लागि हाम्रो आम्दानीको स्रोत भनेको पर्यटनको विकास नै हो । पर्यटन व्यवसायलाई विकास गर्न सकियो भने चल्ती खातामा पैसा जम्मा हुन्छ र भारतसँगको व्यापारमा सहज हुनेछ । हाल भारतमा निर्यात गर्दा विभिन्न किसिमका गैर-भन्सार अवरोध भइरहेको छ । यदि यसलाई हटाउन सकेमा बजार पहुँच बढाउन सहयोग पुग्नेछ । जसले गर्दा निर्यात बढाउन सहयोग पुग्नेछ । भारतसँग भएका विभिन्न व्यापार सम्झौताले पनि बजार विस्तार गर्न कठिनाई भइरहेको छ । व्यापार घाटा बढ्नु भनेको आयात बढ्नु हो । भारतबाट नेपालमा बढी आयात हुनेमा चामल तथा कृषिजन्य वस्तु रहेको छ । हामीले वार्षिक अर्बौं रुपैयाँको चामल आयात गर्छौं । कृषिजन्य वस्तु आयात निर्यात गर्दा दुवै देशले भन्सार शुल्क नलाउनेजस्ता सम्झौता गरिएको छ ।

नेपालको तुलनामा भारतले ठूलोमात्रामा कृषिजन्य वस्तु उत्पादन गर्छ । उसको तुलनामा हामी साना किसान हौं । भारतले कृषिजन्य वस्तु निर्यातमा अनुदान पनि दिँदैआएको छ । जसले गर्दा नेपाली बजारमा भारतीय कृषिजन्य सामग्रीको दबदबा बढेको छ र नेपालमा उत्पादित वस्तुहरू लोप हुँदै गएका छन् । नेपालमा उत्पादित कृषिजन्य वस्तुको रक्षाका लागि पनि भारतसँग गरिएको व्यापार सम्झौता पुनरावलोकन गर्नु जरुरी छ । हामीले नेपाली उत्पादनलाई नै प्रोत्साहन गर्नुपर्छ । नेपालका लागि आवश्यक वस्तु नेपालमै उत्पादन गर्नु भनेकै व्यापार घाटा कम गर्नु हो ।

विदेशमा सामग्री निर्यातका लागि प्रमाणीकरण गरेको हुनुपर्छ । तर, नेपालमा खाद्यवस्तुको परीक्षण गर्ने त्यस्ताखालका ल्याब नै छैन । ल्याब परीक्षण नभएकै कारण नेपालमा उत्पादित कतिपय वस्तु भारतमा निकासी हुन सकिरहेको छैन .। आगामी दिनमा अन्तर्राष्ट्रियस्तरमा मान्यता प्राप्त प्रयोगशाला स्थापना गर्नुपर्छ । यस्तै, विश्व व्यापार संगठनका अनुसार पनि नेपालले मल्टील्याटर ट्रेडबाट जति फाइदा पाइरहेको छ, भारतबाट त्यसभन्दा कम पाइरहेको छ । हाल भइरहेको नेपाल-भारत व्यापार सम्झौताले कृषिजन्य वस्तुको व्यापारमा कठिनाई भएको छ ।

नेपालको निर्यातको अवस्था हेर्ने हो भने ११ महिनामा ४ अर्बको जुस निर्यात भएको छ । यस्तै, मन्जन २ अर्ब रुपैयाँको निर्यात भएको छ । नेपालमा यी दुवै सामान डावर र युनिलिभरजस्ता भारतीय कम्पनीले गरिरहेका छन् । तसर्थ, भारतमा निर्यातमा बढाउन भारतीय व्यवसायीहरूलाई नै नेपालमा ठूला कम्पनी खोल्न प्रोत्साहन गर्नुपर्छ । नेपाल म्यानिफ्याक्चर बेश बनाउन सक्नुपर्छ । जसले केही हदसम्म निर्यात बढाउँछ र व्यापारघाटा कम गर्न सहयोग पुग्छ ।

नेपालको व्यापार घाटा कम गर्ने प्राकृतिक स्रोतका रूपमा जलविद्युत् रहेको छ । पछिल्लो समय पावर ट्रेड एग्रीमेन्ट (पीटीए) गरेर विद्युत् व्यापार गर्नुपर्छ भन्ने कुरा उठिरहेको छ । तर, हामीले जति विद्युत् निर्यात गर्ने लक्ष्य लिएका छौं, त्यति नै बिजुली उत्पादन गरेर नेपालमा खपत गर्ने हो भने त्यसभन्दा बढी व्यापारघाटा कम गर्न सक्छौं । निर्यात बढाएर मात्र व्यापारघाटा कम हुने होइन । आयात प्रतिस्थापन गरेर पनि घाटा कम गर्न सकिनेछ । ११ महिनामा १ सय २३ अर्ब रुपैयाँको पेट्रोलियम पदार्थ आयात भएको छ । त्यसको ठूलो हिस्सा उद्योग कलकारखाना सञ्चालन, खाना पकाउने ग्यासजस्ता क्षेत्रमा प्रयोग भइरहेको छ । विभिन्न सहरी क्षेत्रका साथै गाउँमा समेत खाना पकाउन ग्यासको प्रयोग भइरहेको छ । यदि नेपालले प्रशस्त विद्युत् उत्पादन गर्ने हो भने उद्योग, कलकारखाना तथा खाना पकाउने काममा बिजुलीको प्रयोग गर्न सकिन्छ । जसले गर्दा वार्षिक ५० अर्ब रुपैयाँभन्दा बढीको पेट्रोलियम पदार्थ आयातलाई प्रतिस्थापन गर्न सकिन्छ ।

पीटीए तथा पीडीए गर्दा सबै भारतको हितमा हुन लाग्यो भन्ने हल्ला आएको छ । तर, सम्झौता गर्दा नेपालले अन्य मुलुकका लगानीकर्तासँग पनि काम गर्न पाउने छ भन्ने विषय उल्लेख गरेर सम्झौता गर्दा कुनै समस्या आउँदैन । पीडीए गर्दा नेपालले पानीलाई सिंचाईजस्ता अन्य कामका लागि पनि प्रयोग पाउनेछ भन्ने विषय उल्लेख गरिनुपर्छ । यस्तै, नेपाल र भारत दुवैले सहज रूपमा विद्युत् खरिद गर्न पाउने व्यवस्था गरिनुपर्छ । जसअन्तर्गत नेपालमा बढी भएको समयमा बेच्न सकिन्छ र आवश्यक भएको खण्डमा खरिद गर्न सकिनेछ । यदि यी सर्त राखेर सम्झौता गरेरमा कुनै समस्या आउने छैन । जलविद्युत् क्षेत्रमा भारतको आकांक्षा ठूलो छ । उसले पावर ट्रेड मात्र नभई जलविद्युत् निर्माण, ट्रान्समिसन लाइन निर्माण गर्न चाहन्छ । जसलाई दुई पक्षबीच सम्झौता गरेर समयमै टुंगो लगाउनु उपयुक्त हुन्छ ।